मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १९९ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असार ३ गते बुधवार (Wednesday, June 17. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

कुरीति छ जतासुकै हिमाल,
पहाड, तराई आजैबाट रोकौं
सबै मिलि बाल विवाहलाई ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## झापामा कोरोना अस्पतालको माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापन




**बिर्तामोड, असार २।** झापामा कोरोना परीक्षण तथा उपचार सेवा प्रवाहका लागि सुविधासम्पन्न कोरोना अस्पताल निर्माणको माग गर्दै नेपाली कांग्रेस झापाले प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र बुझाएको छ।

प्रमुख जिल्ला अधिकारी उदयवहादुर राना मगर मार्फत प्रधानमन्त्री ओलीलाई नेपाली कांग्रेस झापाले बुझाएको १७ बुँदे ज्ञापनपत्रमा झापामा तत्काल सुविधासम्पन्न कोरोना अस्पताल बनाइनु पर्ने माग गरिएको छ।

झापाका सबै पालिकामा कोरोना संक्रमण देखिएको र प्रदेश सरकारले पनि मेची अञ्चल अस्पतालमा कोरोना विशेष अस्पताल निर्माणका लागि बजेट विनियोजन गरेको भन्दै विनियोजित बजेट तत्काल निकासा गरी कोरोना विशेष अस्पताल निर्माण गरिनुपर्ने, क्वारेन्टिन व्यवस्थापन, राहत, उद्धारका लागि संघीय सरकारबाट स्थानीय गाउँ र नगरपालिकाहरुलाई आर्थिक सहयोग उपलब्ध गराउन माग गरिएको छ। ज्ञापनपत्र नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकास शर्मा र नेपाली कांग्रेस झापाका सभापति उद्धव थापासहितको टोलीले मंगलवार जिल्ला प्रशासन कार्यालय पुगेर प्रमुख जिल्ला अधिकारी मगरलाई बुझाएका थियो।

ज्ञापनपत्रमा स्वास्थ्य सामग्री खरिद प्रक्रियामा भएको भ्रष्टाचार र कमिसन खेलको तत्काल छानवीन गरी दोषीमाथि कारवाही गरिनुपर्ने, विदेशमा अलपत्र परेका, रोजगार गुमाएका नेपालीहरुलाई निःशुल्क रुपमा उद्धार गरी स्वदेश ल्याएर सुरक्षित रुपमा घर पुर्‍याउनु पर्ने माग गरिएको छ।

त्यस्तै विद्यार्थीहरुलाई निःशुल्क वैकल्पिक शैक्षिक विधिको व्यवस्थापन गरी सहज रुपमा शैक्षिक वातावरण बनाउनुपर्ने, हाल सञ्चालनमा रहेका क्वारेन्टिनहरुलाई डब्लुएचओले तोकेको मापदण्ड अनुसार स्तरीकरण गरी क्वारेन्टिनको संख्या वृद्धि गर्नु पर्ने माग राखिएको छ। त्यस्तै रुकुमको चौरहजारी हत्याकाण्डका दोषीहरु र देशका विभिन्न ठाउँमा क्वारेन्टिनमा बसेका महिलाहरुमाथि बलात्कार गर्ने दोषीमाथि कडाभन्दा कडा कानूनी कार्वाही गर्न मागसमेत गरिएको छ।

नेपाली कांग्रेस केन्द्रीय समितिको निर्देशन बमोजिम नेपाली कांग्रेस झापाले प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र बुझाएको हो।

नेपाली कांग्रेसले देशभरका ७७ वटै जिल्ला समिति तथा विदेशस्थित नियोगहरुमार्फत कोरोना भाइरस संक्रमणका कारण विकराल बन्दै गएको परिस्थितिबारे सरकारको ध्यानाकर्षण गराउँदै अप्रत्यासित रुपमा बढिरहेको संक्रमण रोकथामका लागि प्रभावकारी कार्य गर्न माग गर्दै सरकारलाई ज्ञापनपत्र बुझाएको हो। नेपाली कांग्रेसका प्रवक्ता शर्मा, केन्द्रीय सदस्यहरु केशवकुमार बुढाथोकी, सरिता प्रसाईं, ओमप्रकाश सरावगी, भारतेन्दु मल्लिक, सुधिरकुमार शिवाकोटी, नेपाली कांग्रेस झापाका सभापति थापा, कार्यसमितिका पदाधिकारी, सदस्य, आमन्त्रित सदस्य, सल्लाहकार सदस्य, भातृ संस्थाका केन्द्रीय सदस्य, केन्द्रीय विभागीय समिति सदस्य, क्षेत्रीय, प्रदेश क्षेत्रीय सभापतिहरु, गाउँ/नगर सभापतिहरु, भातृ तथा शुभेच्छुक संस्थाका जिल्ला अध्यक्षहरुको सहभागिता रहेको प्रवक्ता लोकराज ढकालले जानकारी दिए।

## मेची अस्पतालका स्वास्थ्यकर्मी क्वारेन्टिनमा

**बिर्तामोड, असार २।** मेची प्रादेशिक अस्पताल भद्रपुरका २५ जना स्वास्थ्यकर्मीलाई क्वारेन्टिनमा राखिएको छ।

अस्पतालमा उपचाररत् एक पुरुषमा कोरोना भाइरस संक्रमण पुष्टि भएपछि दुई जना फिजिसियन डाक्टरसहित तीन जना मेडिकल अधिकृत, आइसीयुका ८ जना नर्स, इमरजेन्सी, ल्याबका कर्मचारी, एक्स-रे का कर्मचारीसहित २५ जना स्वास्थ्यकर्मीलाई क्वारेन्टिनमा राखिएको छ भने अस्पतालको सघन उपचारकक्ष शील गरिएको छ।

मेची क्याम्पसको क्वारेन्टिनमा बस्दै आएका भद्रपुर नगरपालिका -८ निवासी ३९ बर्षीय पुरुषमा कोरोना पोजेटिभ देखिएपछि अस्पताल भर्ना गरिएको थियो।

गत जेठ २९ गते भारतबाट नेपाल आएका उनलाई मेची बहुमुखी क्याम्पस भद्रपुरको क्वारेन्टिनमा राखिएको थियो। तर, जेठ ३१ गते छातीमा समस्या अएपछि उनलाई प्रादेशिक अस्पताल भर्ना गर्दै ईमरजेन्सी कक्षबाट सघन उपचारकक्षमा राखिएको अस्पतालका मेडिकल सुपरिटेण्डेन डा. पिताम्वर ठाकुरले जानकारी दिए।

अस्पतालमा राखिएका उनलाई कोरोना संक्रमण पुष्टिसँगै



थप उपचारका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको कोरोना उपचार केन्द्र पठाइएको छ। योसँगै भद्रपुर नगरपालिामा कोराना संक्रमितको संख्या चार पुगेको छ।

जिल्लामा हालसम्म कचनकवलमा १ सय २७, बाह्रदशीमा ७, बुद्धशान्तिमा पाँच, कनकाई र भद्रपुरमा तीन/ तीन जना, अर्जुनधारा, हल्दिबारी र मेचीनगरमा दुई/ दुई जना, गौरादह नगरपालिकामा चार जना, दमक, शिवसताक्षी नगरपालिका र झापा गाउँपालिकामा एक/एक जनामा कोरोना संक्रमण पुष्टि भइसकेको छ।

## संकटका बेला विरोधमा उत्रनु पर्‍यो : शर्मा



**बिर्तामोड, असार २।** नेपाली काँग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले संकटका बेला देश र जनताको सेवक बन्नु पर्ने सरकारका जिम्मेवार मन्त्रीहरू भ्रष्टाचार र अनियमिततामा लागेकाले काँग्रेसले राष्ट्रव्यापी विरोधमा उत्रनु परेको बताएका छन्।

नेपाली कांग्रेस केन्द्रीय समितिको निर्देशन बमोजिम नेपाली कांग्रेस झापाले जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र बुझाउने क्रममा प्रवक्ता शर्माले यस्तो बताएका हुन्।

संकटको सामना गर्न सरकारलाई काँग्रेसले शालीनता पूर्वक गरेको सहयोगलाई दुरूपयोग गर्दै सरकारी निकाय भ्रष्टाचार र लुटतन्त्र मच्चाउन व्यस्त भएपछि कांग्रेस देशव्यापी विरोधमा ओर्लनु परेको बताए। प्रवक्ता शर्माले सपना बाँडेर रोग र भोकबाट बाँच्न नसकिनेमा जोड दिए।

उनले भ्यू टावर निर्माण गर्न करोडौं पठाउने प्रधानमन्त्रीले

(बाँकी अन्तिम पृष्ठमा)

## बालविवाहको आरोपमा बेहुलासहित तीन पक्राउ

**ओखलुढुङ्गा, असार २।** बालविवाह गरेको आरोपमा बेहुलासहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ। ओखलढुङ्गा जिल्लाको मोलुङ गाउँपालिकामा गत जेठ २५ गते परिवारको सहमतिमा २२ वर्षीय युवकसँग १८ वर्षीया बालिकाको विवाह गराएको उजुरी परेपछि प्रहरीले बेहुलासहित तीन जनालाई पक्राउ गरेको हो। उमेर नपुग्दै विवाह गर्ने दुलाहा-दुलही दुवै मोलुङ गाउँपालिकाका स्थानीयवासी हुन्।

पक्राउ पर्नेमा बेहुला -बेहुलाका बुवा र बेहुली पक्षबाट बालिकाका बुवा रहेका छन्। गाउँपालिकास्थित न्यायिक समितिको जाहेरीका आधारमा उनीहरुलाई पक्राउ गरी म्याद थप गरेर अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाका प्रहरी निरीक्षक मिलन बस्नेतले जानकारी दिए। पक्राउ परेका उनीहरुलाई बालविवाहअन्तर्गत मुद्दा चलाइने प्रहरीले जनाएको छ।

## 'कोरोना नियन्त्रणमा सबैको प्रयास जरुरी'

**काँकरभिट्टा, असार २।** प्रदेश सांसद श्रीप्रसाद मैनालीले हाल विश्वमा महामारीका रुपमा फैलिइरहेको नोवल कोरोना भाइरस कोभिड -१९को संक्रमण सामुहिक समस्या भएका कारण यसको समाधानसमेत सामुहिकरुपमा सबैले गर्नुपर्ने बताएका छन्।

पालिकास्तरीय समुदाय प्रहरी साझेदारी मेचीनगरपालिका समितिले मंगलबार आयोजना गरेको कोभिड -१९ विरुद्धको सचेतना अभियानको उद्घाटन गर्दै उनले कोरोनाको संक्रमण रोक्न र फैलिन नदिन आम मानिसहरु सचेत भएर लाग्नुपर्नेमा जोड दिए।

उनले भारतको पश्चिम बंगाल राज्यको रानीगञ्ज नाकासँग सीधा सम्पर्क रहेको नेपाल




प्रवेशको पूर्वीद्वार काँकरभिट्टामा शुरुदेखि नै स्थानीय सरकारको उच्च सर्तकताका आमनगरवासीको साथ सहयोग र समन्वयका

(बाँकी अन्तिम पृष्ठमा)

## अबैध सामान बरामद

**बिर्तामोड, असार २।** प्रहरीले झापाको झापा गाउँपालिका -१ स्थित लसुनाबाट २ लाख ५० हजार रुपैयाँको अबैध सामान बरामद गरेको छ। सो क्रममा भारतीय तस्करले सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरीमाथि आक्रमण गरेका थिए। नेपाल प्रहरी र शसस्त्र प्रहरीले अबैध सामान पक्राउ गर्न खोज्दा दुई प्रहरीमाथि भारतबाट आएको ४० जनाको समूहले सोमबार राति आक्रमण गरेको हो।

सशस्त्र प्रहरीलाई घिसार्दै तस्कर समूहले भारतीय भूमितिर छिराएको अवस्थामा नेपाली नागरिकले प्रहरीलाई बचाएको स्थानीयले बताएका हुन्।

भारतीय तस्करले एकजना सशस्त्र प्रहरीलाई घिसार्दै भारतीय भूमितर्फ एक सय मिटरभित्र पुर्‍याइसकेका थिए। सशस्त्र प्रहरीले 'बचाउ-बचाउ' भन्दै गुहार मागेपछि स्थानीयले उद्दार गरेका हुन्।

(बाँकी अन्तिम पृष्ठमा)

## खुम्बू गाउँपालिकाका अध्यक्ष शेर्पाको निधन



**सोलुखुम्बू, असार २।** खुम्बू पासाङल्हामु गाउँपालिकाका अध्यक्ष ङिम दोर्जी शेर्पाको मंगलवार बिहान ३९ वर्षको उमेरमा निधन भएको छ। गाउँपालिकाका प्रवक्ता लाक्पा छिरी शेर्पाका अनुसार १० महिनादेखि पेटको आमासयमा रहने सानो आन्द्रामा क्यान्सर भएपछि थलिएका शेर्पाको स्वास्थ्यमा सुधार नआएपछि जेठ १० गते हेलिकोप्टरमार्फत जन्मस्थल लुक्ला ल्याइएको थियो। खुम्बू क्षेत्र तथा शेर्पा समुदायमा लोकप्रिय शेर्पाको पछिल्लो समय काठमाडौंको ह्याम्स अस्पतालमा केमो थेरापी गराइएको थियो।

चिकित्सकका अनुसार शल्याक्रिया गर्नुपर्ने भए पनि तौल कम हुँदा उपचार गर्न नसकिएको हो। स्वास्थ्य अवस्था स्थिर देखिएका कारण चिकित्सकले नै घर लैजान सुझाव दिएपछि लुक्ला ल्याएको प्रवक्ता शेर्पाले बताए। दश महिना पहिले भारतको मेदान्त अस्पतालमा भर्ना भएका शेर्पाले त्यहाँ दुई महिनासम्म रेडियो थेरापी गराएका थिए। त्यसपछि स्वीट्जरल्याण्डमा पनि थप उपचार गराएर काठमाडौँ फर्किएका शेर्पाले पछिल्लो समय ह्याम्स अस्पतालमा नियमित उपचार गराउँदै आएका थिए।

अध्यक्ष शेर्पाले गाउँपालिका अध्यक्षको जिम्मेवारी सक्रियतापूर्वक निर्वाह गर्ने अवस्था नभएपछि उपाध्यक्ष टसील्हमू शेर्पालाई जेठ १२ गतेदेखि कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएका थिए। सोही बेला उनले सामाजिक सञ्जाल

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



# मृगौला पीडित थापालाई प्रवासबाट सहयोग

**इलाम, असार २।** दुबै मृगौला पीडित भई थलिएका इलाम माई नगरपालिका-४ सिंजालीटारका ४४ बर्षीय पृथ थापा मगरलाई बैदेशिक रोजगारीमा रहेका नेपालीहरुले आर्थिक सहयोग गरेका छन् ।

कमजोर आर्थिक अबस्था भएका उनलाई मलेशिया, दुबई र दक्षिण कोरियामा रही रोजगार गर्ने नेपालीहरुले सहयोग गरेका हुन् । मलेशिया, दुबई र दक्षिण कोरियामा रहेका नेपालीहरुले २ लाख २३ हजार ४ सय २२ रुपैया सहयोग गरिएको बताइएको छ । थापा मगरलाई मंगलबार रोजगारदाताहरुको परिवारले पत्रकार तथा करुणा फाउण्डेसन नेपालका समुदाय संयोजक विमल दहालको उपस्थितिमा आर्थिक सहयोग गरेका हुन् ।

मलेशियाबाट स्थानीय डिल्लीप्रसाद चापागाईंको अगुवाईमा पृथ थापा मगर बचाउ अभियान इलामेली ग्रुपकोतर्फबाट ८१ जना श्रमिकले ७६ हजार २७ रुपैयाँ जम्मा गरी पठाइएको डिल्लीप्रसादकी श्रीमती बालिका ढकालले जानकारी दिइन् ।

त्यस्तै दुवईमा रहेका माईका दीपक परियार, पुष्प आचार्य, विकास लुङ्गेली मगर, विकास समाल, रमेश नेपाल, दिनेश बास्तोला, पूर्ण समाल लगायत एक सय जनाबाट आर्थिक सहयोग संकलन गरी पीडितलाई  प्रदान गरिएको हो । दुबईको इलाईट एग्रो युएई एल एल सीका सहयोगीहरुबाट ७४ हजार ८ सय ९५ रुपैयाँ संकलन गरी पठाइएको दुबईबाट परियारले जानकारी दिए । सहयोग रकम रोजगारीमा बिदेशमा रही सहयोग प्रदान गर्ने कामदारका आफन्तहरु रुद्र लुङ्गेली, पुष्पा आचार्य, हेमबहादुर लायो मगर लगायतले पीडितलाई प्रदान गरेका थिए ।

त्यस्तै दक्षिण कोरियामा रोजगारी गर्दै रहेका ३५ जना नेपालीले समेत ७२ हजार ५ सय रुपैंयाँ सहयोग गरेका छन् । स्थानीय दिलीप सिंजाली, उत्तम आले, भुपेन्द्र सुब्वा, पूर्ण केरुङ्ग, टीका थापा, लिला योङहाङ्ग, भक्त मगर लगायत ३५ जना रोजगारीमा रहेका नेपालीहरुले सहयोग गरेको बताइएको छ । पृथ थापा मगरका लागि संकलन भएको रकम कुमार सिंजाली मगर र धनबहादुर आलेमगरले परिबारलाई प्रदान गरेका थिए । पीडित मगरलाई उपचारमा सहयोग पुऱ्याउन देश बिदेशमा पृथ मगर बचाउ अभियान सञ्चालन गरी थप उपचार सहयोग संकलन गर्न सबै नेपालीमा आग्रह गरिएको स्थानीय हेमबहादुर लायो मगरले जानकारी दिए ।

पीडित मगरलाई झापाको ओम साई पाथिभरा हस्पिटलमा हप्तामा दुई पटक डायलसिस गर्दै रहेको परिबार श्रोतले बताएको छ ।

# राष्ट्रियसभामा बजेट छलफल : प्राथमिकता मन्दिर कि विद्यालय ?

**काठमाडौं, असार २।** राष्ट्रियसभाको मंगलवारको बैठकमा विनियोजन विधेयक २०७७ माथिको छलफलमा भाग लिँदै सांसदहरुले बजेटमा राष्ट्रको आवश्यकता र प्राथमिकता स्पष्ट हुनुपर्नेमा जोड दिएका छन् ।

शिक्षा, स्वास्थ्य, संस्कृति र कृषि क्षेत्रमा सन्तुलितरुपमा बजेट विनियोजन हुन नसकेको उनीहरुको टिप्पणी छ । बैठकमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का स्थायी कमिटी सदस्य डा. वेदुराम भुसालले कोभिड -१९ को महामारीको समयमा आएको मुलुकको बजेट समग्रमा सन्तुलित र मार्गनिर्देश दिने खालका विषय परे पनि संस्कृति रुपान्तरण गर्ने कार्यक्रम नरहेको बताए । उनले मन्दिरको मर्मत, सम्हार र संरचना निर्माणमा बजेट केन्द्रित भएको भन्दै आलोचना गरे । उनले बजेटमा २०३ मन्दिर निर्माणमा बजेट विनियोजन गरेको पाइएको बताए ।

आजको सरकारले मन्दिर बनाउने हो कि विद्यालय ? गम्भीर प्रश्न खडा भएको छ । धर्मप्रति मेरो सम्मान नै छ तर आजको प्राथमिकता के हो ?- भुसालले प्रश्न गरे । धर्म वैयक्तिक स्वतन्त्रताको विषय भएकाले विद्यालय निर्माण र शैक्षिक विकास आजको आवश्यकता हो, भन्दै भुसालले नीति तथा कार्यक्रममा एक प्रदेशमा एक पर्यटन गन्तव्य बनाउने उल्लेख भएकोमा पर्यटन क्षेत्रको बजेट शीर्षक हेर्दा फलानो प्रदेशको फलानो पर्यटन गन्तव्य यो हो भनेर फेला पार्न नसकेको बताए । सिद्धान्त र व्यवहारमा फरक देखिएको र विगतमा गरिएका काममासमेत बजेट रोकिएको भुसालको भनाइ छ ।

उनले नेपाली कम्युनिष्ट आन्दोलनका संस्थापक पुष्पलाल श्रेष्ठ र शहीद गङ्गालाल श्रेष्ठको जन्मस्थल रामेछापको भँगेरीमा बन्न लागेको स्मृति पार्क र वीपी कोइरालाको पुर्ख्यौली थलो सिन्धुलीको दुम्जामा बन्न लागेको स्मृति पार्कमा समेत बजेट नछुट्याइएको भन्दै आपत्ति जनाए । भुसालले थपे- त्यही नेताले यो मुलुकलाई यहाँसम्म ल्याएको हो, यस प्रकारको अपनामानलाई अत्य गर्नुपर्छ, राष्ट्रका निम्ति योगदान गर्ने नेताहरुको सम्मान विश्वभरि हुन्छ ।

नेकपाकै अगमप्रसाद वान्तवा राईले पूर्वको चिया र अलैंची खेतीको विकासमा विदेशी संस्थाको भर पर्नुपर्ने अवस्था रहेकाले सरकारको लगानी जरुरी रहेको बताए । पूर्वी नेपालमा उत्पादन गरेको चिया भारतले आफ्नो लेभल लगाएर विदेश निर्यात गर्दै आएकाले नेपालमा नै लेभल लगाएर निर्यात गर्नेतर्फ उनले सरकारको ध्यानाकर्षण गराए । नेकपाकाकी कोमल वलीले सीमा विवादमा नेपालले गरेको वार्ता प्रस्तावलाई भारतले टार्दै गरेको विषयमा सरकार गम्भीर हुनुपर्ने बताइन् ।

नेकपाका प्रमुख सचेतक खिमलाल भट्टराईले बजेट विनियोजन गर्दा मन्त्रालयहरु सकेसम्म सन्तुलित भएको र क्रमशः सच्चिने क्रममा उन्मुख भएको बताए । बजेटले युवा र महिला सशक्तीकरणलाई ध्यान दिएको पनि उनले बताए । नेकपाका देवेन्द्र दाहालले विनियोजित बजेट धेरै हदसम्म सन्तुलित नै रहेको तर केन्द्रबाट छुट्याइएको बजेट नीति कार्यक्रमभन्दा बाहिर गएर परम्परागत रुपमा आएको बताए । कतिपय क्षेत्रमा बजेट केन्द्रित हुने र कतिपय क्षेत्रमा शून्य छ कि भन्ने बजेट निर्माणको चरणमा नै ध्यान दिनुपर्नेमा उनले जोड दिए । श्रमजीवी, बेरोजगार, मजदूरको पक्षमा सङ्घीयताको मर्मको विषयमा र नीति तथा कार्यक्रमलाई ध्यानमा राखेर बजेट विनियोजन गर्न सके विकास सम्भव हुने उनले बताए ।

केही सांसद्ले सरकारको बजेट दलित, महिला, मेधशीलगायत उत्पीडित र दुर्गम क्षेत्रका समुदायलक्षित हुन नसकेको बताए । छलफलमा समाजवादी पार्टीकी प्रमिलाकुमारीले बजेटले मधेशी समुदायलाई समेट्न नसकेको गुनासो गरिन् । राष्ट्रिय जनता पार्टीका मृगेन्द्रकुमार सिंह यादवले सरकारले प्रस्तुत गरेको बजेट विभेदकारी भएको टिप्पणी गरे । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) की शान्तिकुमारी अधिकारी जिसीले कोभिड-१९ मा खटिएका चिकित्सकका लागि बीमा रकम बढाउनुपर्ने र बजेट समान ढङ्गबाट वितरण गर्नुपर्नेमा जोड दिइन् ।

नेकपाकै दिलकुमारी (पार्वती) रावल थापाले शिक्षा क्षेत्रमा पर्याप्त बजेट भए पनि नीतिगत सुधार गर्नुपर्ने आवश्यकता औँल्याइन् । सोही पार्टीकी गङ्गाकुमारी वेल्वासेले कैलालीमा क्वारेन्टिनमा बसेकी महिलामाथि भएको सामूहिक बलात्कारका दोषीलाई कारवाही गर्नुपर्ने माग गरिन् । सरकारले औद्योगिक क्षेत्रलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ छ ।

नेकपाका रामनारायण विडारीले बजेटबारे सांसदका सुझावलाई समावेश गरेर बजेट संशोधन गर्नुपर्ने माग गरे । सशस्त्र प्रहरीलाई सीमा नाकामा व्यवस्थित ढङ्गबाट राख्नुपर्ने उनको भनाइ छ । नेकपाकै उदया शर्मा पौडेलले महिला, बालबालिका तथा ज्येष्ठ नागरिकका लागि बजेट अपुग भएको बताइन् । उनले कोभिड-१९ को कारण आफ्नो देश आउन चाहेका विभिन्न देशमा अलपत्र परेका नागरिकलाई स्वदेश ल्याउनेबारे सरकारको ध्यानाकर्षण गराइन् । नेकपाकै जीवन बुढाले संविधानको मर्मअनुसार बजेटले सङ्घीयतालाई समेट्न सकेको बताए । उनले भने- बजेट पहुँचबाट प्रभावित छ ।

नेकपाका हरिराम चौधरी, इन्दिरादेवी गौतम, मायाप्रसाद शर्मा, भगवती न्यौपाने, इन्दु कडरिया, बीना पोखरेल, विमला घिमिरे, सुमित्रा जिसी, राधेश्याम पासवान, गोपीबहादुर सार्की अक्षामी, दीपा गुरुङ, तारामान स्वाँर, चक्रप्रसाद स्नेह, तुसलाकुमारी दाहालले विभिन्न मन्त्रालयका विनियोजित शीर्षकमाथिको छलफलमा भाग लिएका थिए ।

# मेची प्रादेशिक अस्पताललाई २३ करोड दिने प्रदेश सरकारको घोषणा

**बिर्तामोड, असार २ ।** झापाको भद्रपुरमा रहेको मेची प्रादेशिक अस्पताललाई स्तरोन्नति गरिने भएको छ । जसका लागि १ नम्वर प्रदेश सरकारले २३ करोड रुपैयाँ बजेट छुट्याएको छ । प्रदेश नम्वर १ का अर्थमन्त्री इन्द्रवहादुर आङ्बोले संसदमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै अस्पतालमा उपकरण, जनशक्ति र पूर्वाधार विकासमा प्रदेश सरकारले सहयोग गर्ने घोषणा गरे ।

मेची अञ्चल अस्पताललाई प्रादेशिक अस्पताल घोषणा गरेसँगै भद्रपुरस्थित प्रादेशिक मेची अस्पतालको सेवाको गुणस्तर सुधार्न सीटी स्क्यान, हेमोडायलसिस सेवा र थप भेन्टिलेटरको व्यवस्थापनका लागि रु. २३ करोड रुपैयाँ बजेट बिनियोजन भएको हो ।

बजेट बिनियोजन गरेकोमा प्रदेश सांसद वसन्त बानियाँ, जिल्ला समन्वय समिति झापाका संयोजक सोमनाथ पोर्तेल लगायतले अस्पतालको स्तरोन्नतिका लागि प्रदेश सरकारले बजेट भाषणमार्फत नै अस्पताललाई सम्बोधन गरेको भन्दै खुशी व्यक्त गरे ।

# एनसेलका डेटा र भ्वाइस प्याकहरू लिन सहज

**काठमाडौं, असार २।** एनसेलका ग्राहकहरूले अब अझै सजह रूपमा डिजिटल वालेटहरू र एनसेलका आधिकारिक खुद्रा विक्रेताबाट सिधै डेटा र भ्वाइस प्याकहरू लिन सक्ने भएका छन् । यसका लागि एनसेल प्रालिले विभिन्न तीन मोबाइल वालेटहरूसँग साझेदारी गरेको छ र आफ्ना खुद्रा विक्रेताहरूलाई पनि प्याकहरू बिक्री गर्न सक्ने सुविधा प्रदान गरेको छ ।

विविध सेवा तथा सुविधाहरूको प्रयोगका लागि अनलाइन भुक्तानी गर्न डिजिटल वालेटहरूको प्रयोग बढिरहेको अवस्थामा एनसेलले खल्ती, प्रभु-पे र युनी-पेसँग सहकार्य गरेको छ । अब यी वालेटका प्रयोगकर्ताले आवश्यकता अनुसार सजिलै एनसेलका विभिन्न डेटा र भ्वाइस प्याकहरू किन्न सक्छन् ।

एनसेलले ग्राहकहरूलाई विश्वस्तरीय सेवा प्रदान गर्ने र देशको डिजिटल इकोसिस्टमको विकासमा योगदानमा पुऱ्याउने आफ्नो प्रतिबद्धताबमोजिम सेवाहरू किन्ने प्रक्रियालाई अझै सहज बनाएको हो । शुरुवाती चरणमा ग्राहकले यी वालेटमार्फत वा वालेटसँग जोडिएको बैंक खाताबाट विभिन्न ६ वटा डेटा प्याक र ६ वटा भ्वाइस प्याक सुचारु गर्न सक्छन् ।

एनसेल डिजिटल प्रविधिमा अभ्यस्त हुँदै गएका ग्राहकहरूका आवश्यक्ता सम्बोधनका लागि उपयुक्त समाधान ल्याउन सधैं प्रयासरत छ । डिजिटल वालेटहरूसँगको सहकार्यमा हाम्रा डेटा र भ्वाइस सेवाअन्तर्गत ग्राहकहरूले मन पराएका एक दर्जन प्याकहरू सिधै लिन सकिने गरी उपलब्ध गराइएका छन्- एनसेलका चिफ कमर्सियल अफिसर प्रदीप श्रीवास्तले भने- 'डिजिटाइजेसन प्रक्रियाअन्तर्गत हाम्रा खुद्रा विक्रेताहरूलाई ग्राहकमाझ सिधै सेवा प्रदान गर्न सक्षम बनाउन पाएकोमा हामी खुशी छौं । यो हाम्रा ग्राहकहरुका लागि एउटा ठूलो सुविधा हो ।'

ग्राहकहरुले पहिला मोवाइलमा मेन ब्यालेन्स रिचार्ज गरी आफै प्याकहरु सुचारु गर्ने प्रक्रियामा नगई अब आफ्नो आवश्यकताअनुसार प्याकहरु सिधै खुद्रा विक्रेता मार्फत किन्न सक्नेछन् । ग्राहकले नजिकैको खुद्रा विक्रेताबाट आवश्यकताअनुसार आफ्नो मोबाइलमा प्याक लिन सक्छन् । यो प्रक्रियामा खुद्रा विक्रेताले ग्राहकको आग्रह बमोजिम एसएमएस वा यूएसएसडीमार्फत प्याकको कोड र ग्राहकको मोबाइल नम्बर एनसेललाई पठाउँछन् र छानिएको प्याक सिधै सम्बन्धित ग्राहकको नम्बरमा सुचारु हुन्छ ।

ग्राहकले एनसेलका आधिकारिक खुद्रा विक्रेता, खल्ती, प्रभु-पे र युनी-पे मार्फत करसहित मात्र रु. ९८.९९ मा २,१०० एमबी डेटा किन्न सक्छन् । यो डेटा ग्राहकले प्रत्येक दिन ३०० एमबीका हिसाबले ७ दिनसम्म चलाउन सक्छन् । त्यस्तै करसहित मात्र रु. ४९८.८३ मा १५,००० एमबी लिन सकिन्छ । यो प्याकमा ग्राहकले दैनिक ५०० एमबी डेटा ३० दिनसम्म पाउँछन् ।

डेटा सेवाको आवश्यकता अलि बढी रहेका ग्राहकले यी माध्यमबाट करसहित रु ९९८.९७ मा ३६,००० एमबी लिन सक्छन् । यस प्याकअन्तर्गत ग्राहकहरूले दैनिक रूपमा १२०० एमबी ३० दिन पाउँछन् । प्याकअन्तर्गत उपलब्ध हुने डेटा भोलुम सकिए पनि प्याकको समयावधि बाँकी रहेसम्म मेन ब्यालेन्सबाट रकम काटिनेछैन ।

## कुवेतबाट आएकी युवतीमा कोरोना

**पाँचथर, असार २।** फिदिमस्थित क्वारेन्टिनमा बसेकी एक युवतीमा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ । कुवेतबाट उद्धार गरी ल्याइएकी फिदिम नगरपालिकाकी २५ वर्षीया युवतीको स्वाब परीक्षण गर्दा कोरोना सङ्क्रमण पुष्टि भएको हो ।

प्रदेश जनस्वास्थ्य प्रयोगशाला विराटनगरमा गरिएको परीक्षणमा ती युवतीमा कोरोना सङ्क्रमण देखिएको स्वास्थ्य कार्यालय पाँचथरका प्रमुख नारद सुवेदीले जानकारी दिए ।

पाँचथर बहुमुखी क्याम्पसको क्वारेन्टिनमा गत जेठ ३२ गतेदेखि उनी बसेकी थिइन् । उनको सोमबार स्वाब सङ्कलन गरी पठाइएको थियो ।

कुवेतबाट उद्धार गरी ल्याइएकी उनलाई भक्तपुरस्थित होल्डिङ सेन्टरमा राखेर पाँचथर पठाइएको थियो । उनीसँगै विभिन्न मुलुकबाट उद्धार गरेर जिल्लामा ल्याई उक्त क्वारेन्टिनमा राखिएका अन्य तीन जनामा भने कोरोना सङ्क्रमण नदेखिएको सुवेदीले बताए ।

पछिल्लोपटक विदेशबाट आएका चार तथा भारतबाट आएका ५३ जना गरी ५७ जनाको स्वाब परीक्षण गरिएकामा ५६ जनाको रिपोर्ट नेगेटिभ आएको जनाइएको छ । सङ्क्रमण पुष्टि भएकी ती युवतीलाई कोशी अस्पताल विराटनगर पठाउने तयारी गरिएको सुवेदीले जानकारी दिए । पाँचथरमा जिल्लाभित्रै पहिलो पटक कोरोना भाइरस सङ्क्रमित भेटिएको हो ।

# असार ७ गते खण्डग्रास सूर्यग्रहण

**झापा, असार २।** असार ७ गते आइतबार आषाढ कृष्ण औँसीका दिन खण्डग्रास (आधा सूर्य ढाक्ने) सूर्यग्रहण लाग्ने नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । ग्रहणले बिहान १०:५० बजे स्पर्श गर्ने छ । मध्याह्न १२:३८ बजे मध्य र अपराह्न २:२३ बजे ग्रहणले मोक्ष प्राप्त गर्ने समितिका अध्यक्ष प्रा. डा. रामचन्द्र गौतमले जानकारी दिए । तीन घण्टा ३३ मिनेटसम्म नेपालबाट ग्रहण देखिने उनले बताए ।

शास्त्रीय मान्यता अनुसार असार ६ गते राति १०:५० देखि बाल, वृद्ध र बिरामी बाहेक अरुलाई भोजन निषेध गरिएको छ । ग्रहणका समयमा स्नान, दान, श्राद्ध, जप, ध्यान, साधना लगायत कर्म गर्न शुभ मानिन्छ । ग्रहणका समयमा दीक्षा मन्त्र लिन पनि उत्तम हुने शास्त्रीय मान्यता छ ।  ग्रहणका बेला सकेसम्म तीर्थस्थलमा नसके नजिकको नदी, ताल, तलाउ, पोखरी र सो सम्भव नभए घरमै स्नान गर्नुपर्ने निर्णयसिन्धु, हेमाद्रि, कालमाधव, वीरमित्रोदय लगायत धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ । ग्रहणका बेला गर्नु हुने र नहुने अन्य कामलाई ग्रन्थमा उल्लेख गरिएको छ ।

सूर्य ग्रहणमा चार प्रहर (१२ घण्टा) र चन्द्रग्रहणमा तीन प्रहर (नौ घण्टा) अघिदेखि सुतक लाग्ने धर्मशास्त्रविद् समेत रहेका गौतमले बताए । सुतक लागेपछि भोजन गर्नु नहुने धार्मिक विश्वास छ । यसै विश्वास अनुसार असार ६ गते राति १०:५० बजेदेखि भोजन गर्नु हुँदैन ।

असार ७ गतेको सूर्यग्रहण मृगशिरा र आर्द्रा नक्षत्र एवम् मिथुन राशिका मानिसलाई अति कष्ट हुने समितिका सदस्य सचिव एवम् सूर्य पञ्चाङ्गका पञ्चाङ्गकार सूर्यप्रसाद ढुङ्गेलले बताए ।

सूर्यग्रहणको फल राशि अनुसार फरक छ । मेष राशिकालाई श्रीप्राप्ति, वृष राशिलाई क्षति, मिथुनलाई घात, कर्कटलाई व्यय, सिंह राशिका मानिसलाई लाभ, कन्या राशिलाई सुख, तुला राशिलाई माननाश, वृश्चिक राशिलाई कष्ट, धनु राशिलाई स्त्रीपीडा, मकर राशिलाई सुख, कुम्भलाई चिन्ता र मीनलाई व्यथाको फल हुने समितिले स्वीकृति दिएका पात्रो (पञ्चाङ्ग) मा उल्लेख छ ।  मेष, सिंह, कन्या र मकर राशिकाले मात्र सुरक्षित विधि अपनाएर ग्रहण हेर्नुहुन्छ । अरु आठ राशि भएका मानिसले भने सूर्यग्रहण हेर्नुहुँदैन भन्ने मान्यता छ । यस वर्ष नेपालबाट देखिने असार ७ गतेको सूर्यग्रहण मात्र रहेको समितिले जनाएको छ ।

खगोल विज्ञानका क्षेत्रमा काम गरिरहेको नेपाल एष्ट्रोनोमिकल सोसाइटीले सङ्घीय राजधानी सहित सातै प्रदेशका राजधानीबाट सूर्यग्रहण देखिने समय समेत सार्वजनिक गरेको छ ।  प्रदेश नं. १ को विराटनगरबाट बिहान १०:५८:४५ शुरु, मध्याह्न १२:४७:०४ मा मध्य र अपराह्न १४:२९:२९ मा अन्त्य हुने बताइएको छ ।

प्रदेश नं. १ बाट सन् १९६५ नोभेम्बर २३ तारिखका दिन बिहान खग्रास (पुरै सूर्य ढाक्ने) सूर्यग्रहण लागेको थियो । अब खग्रास सूर्यग्रहण सन् २०६४ फेब्रुअरी १७ मा प्रदेश नं. १ कै दक्षिणपूर्वी भूभागबाट देखिने बताइएको छ ।

## कोरोना...

कारण अन्य पालिकाको तुलनामा अहिलेसम्म मेचीनगरक्षेत्रमा नोवल कोरोना भाइरसको संक्रमण त्यति भयावह नदेखिएको बताए ।

विपद् र महामारीले धनी गरीव जातधर्म नचिन्ने भन्दै प्रदेशसभा सदस्य मैनालीले अहिले विश्व नोवल कोरोना भाइरस कोभिड -१९ को महामारीसँग जुधिरहेको र यस्तो विपद्मा सबैजना उत्तेजित नभई सचेत हुन समेत आम नगरवासीमा आग्रह गरे ।

समुदाय प्रहरी साझेदारी मेचीनगरका संयोजक एवम् नगर प्रमुख विमल आचार्यले नेपाल सरकारद्वारा निषेध गरिएका बाहेक सम्पूर्ण उद्योग व्यवसाय विहान ८ देखि साँझ ५ बजेसम्म सञ्चालन गर्न आम उद्योगी व्यवसायीहरुलाई आग्रह गर्दै नेपाल सरकारले जारी गरेको मापदण्ड पूरा गर्नपर्नेमा जोड दिए । उद्योग व्यवसाय सञ्चालन गर्दा अनिवार्य रुपमा सामाजिक दुरी कायम राख्न, व्यवसायीले अनिवार्य मास्कको प्रयोग गर्न साथै मास्क प्रयोग नगरेका ग्राहकलाई सामान विक्री वितरण नगर्न,  व्यवसाय स्थलमा साबुन पानीले हात धुने व्यवस्था गर्न वा स्यानीटाइजरको प्रयोग गर्न, हाट बजार सैलुन पार्लर, पार्टी प्यालेस आदि व्यवसाय सञ्चालन नगर्न तथा साइकल वा मोटरसाइकलमा चालक मात्र एकजना सवार गर्न नगरप्रमुख आचार्यले सवैमा आग्रह गरे । सरकारले असार १ गतेदेखि लकडाउनलाई खुकुलो बनाएको भन्दै उनले यसलाई पूर्णरुपमा कार्यान्वयनमा लाग्न समेत आग्रह गरे ।

त्यस्तै प्रदेश सभा सदस्य गोपालचन्द्र बुडाथोकीले समेत कोरोनाको संक्रमणबाट बच्न सबै सचेत हुनुपर्नेमा जोड दिए । कार्यक्रममा नगरका विभिन्न संघ संस्थाका प्रमुख प्रतिनिधिसहितको उपसमिति निर्माण गरिएको छ । उपसमितिले नगरका विभिन्न ठाउँमा हात धुने व्यवस्था तथा सरकारले लकडाउनका बखत तोकेको मापदण्ड पूरा भए नभएको अनुगमन गर्नेछ ।

कार्यक्रममा मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोखरेल उप्रेती, नगरका राजनीतिक दलका प्रमुख प्रतिनिधि, स्काउट, नेपाल रेडक्रसलगायत विभिन्न सघ संस्थाका प्रमुख प्रतिनिधिहरुको सहभागिता रहेको थियो । इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायव उपरीक्षक राजेन्द्र पोखरेलले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको कार्यक्रमको सञ्चालन इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी निरीक्षक देउकुमार लिम्बूले गरेका थिए ।

## अवैध....

टाघनडुब्बा बिओपीका प्रमुख सचिन प्रधानले नियन्त्रणको प्रयासमा तानातान भएको भनेर फोन आएपछि आफूहरु तत्काल पुगेको र ठूलो दुर्घटना हुन नपाएको बताए ।

## खुम्बू...

फेसबुकमार्फत वडाध्यक्ष, कार्यपालिका सदस्य तथा कर्मचारीसमेतलाई उच्च मनोबलका साथ काम गर्न आग्रह गरेका थिए । पूर्व एमालेबाट निर्वाचित शेर्पा नेकपा सोलुखुम्बूको जिल्ला कमिटी सदस्य पनि रहेका थिए । उनको तीन छोरा छन् ।

## संकटका...

गृह जिल्लामा बढ्दो कोरोना नियन्त्रणका लागि एक पैसा पनि नपठाउनु विडम्बना भएको प्रष्ट पारे ।

शर्माले राष्ट्रियता सर्म्द्धन र नेपालीको समृद्धिका लागि काँग्रेसले सरकारलाई अग्रमोर्चामा रहेर सहयोग गरेको बताउँदै सडकमा नेपाली युवाले उठाएका माग सम्बोधन गर्न सरकार हच्कनुले देश र जनताको उन्नतिमा सरकारका जिम्मेवार व्यक्ति बाधक भएको प्रष्टिएको उल्लेख गरे ।


**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल**

**कोरोनाको संक्रमणबाट बाँच्न सचेतना अपनाऔं**

- साथीभाइसँग हात नमिलाऔं, त्यसको सट्टा नमस्कार गरौं ।
- साबुन पानीले पटक-पटक हात धुऔं
- कसैसँग अंकमाल नगरौं, ज्वरो-खोकी लागेको मान्छेसँग नसुतौं
- अनावश्यक भीडभाडमा नजाऔं
- झ्याल ढोका बन्द गरेर सानो कोठामा धेरैजना नबसौं ।
- जंगली जनावरलाई नछुऔं, बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाऔं ।
- सर्जिकल मास्कको प्रयोग गरौं, कपडाको मास्कले प्रदुषण मात्रै रोक्छ ।
- कोरोनाको बिरामी भेट्न जान लागेको हो भने एन-९५ मास्क नै लगाउनुपर्छ ।
- खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएको छ भने चेक गर्न जाऔं ।

**बिर्तामोड नगरपालिका**









श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# आलोचनाबाट नतर्स

**कोभिड-१९ का कारण विश्वमा चार लाखभन्दा बढी मानिसको ज्यान गइसकेको छ । हाम्रै देशमा पनि यसको कहर खप्न नसकेर १९ जनाको जीवन अन्त्य भएको छ । अझै छ हजारभन्दा बढी कोरोना भाइरसबाट संक्रमित छन् । यसको रोकथाम र नियन्त्रणका लागि चैत ११ गतेदेखि गरिएको तालाबन्दी जेठ ३२ गतेसम्म कडाईका साथ लागू पनि गरियो । तर परिणाम अपेक्षा गरिए अनुरूप आएन । अर्थात् बन्दीको अबधि बढ्दै जाँदा संक्रमित हुनेहरूको संख्या तीब्र गतिमा बढ्दै गयो । बन्दीको अबधि बढ्ने तर परीक्षण र सेवा नबढ्ने भएपछि जनस्तरबाटै ब्यापक बिरोध हुन थाल्यो । बन्दी उल्लंघन हुने क्रम पनि बढ्न थालेपछि सरकारले 'मोडालिटी' परिवर्तन गरेर खुकुलो बनायो ।**

**बन्दाबन्दी बाध्यताको परिणाम हो । भाइरसका कारण उत्पन्न यो चुनौतिको सामना गर्ने प्रभावकारी उपाय भने कै बन्दाबन्दी वा तालाबन्दी हो । वैश्विक समस्या बनेर आएको कोरोना भाइरसको संक्रमणबाट जोगिन अधिकांश मुलुकले यसकै उपयोग गरे । त्यसैले हाम्रो लागि पनि यसको विकल्प थिएन । तर अरूहरूले यसको प्रभावकारी कार्यान्वयनमा गरेको विधि हामीकहाँ लागू गरिएन, जसका कारण जनताले सास्ती खप्नु पर्यो । कोरोना संक्रमणको फैलावट अनुमान गरेभन्दा धेरै बढी हुन पुग्यो । अन्य मुलुकमा सरकारले राहत प्रदान गरेर जनतालाई घरमै बसेर सुरक्षित रहन उत्प्रेरित गर्यो । वर्ग अनुसारको सुबिधा दियो, परीक्षण र उपचारमा सारा शक्ति प्रयोग गरेर जनतालाई अभिभावकत्व प्रदान गर्यो, सुरक्षाप्रति आश्वस्त तुल्यायो ।**

**बिदेशमा रहेका लाखौं नेपाली पनि यो महामारीबाट प्रभावित भए । छिमेकमा रहेका दुई लाखभन्दा बढी नेपाली अनेक कष्ट खपेर घर फर्किए । तिनलाई सुरक्षित ढंगले घर पुऱ्याउनु सरकारको जिम्मेवारी हो । त्यसका लागि सहज वातावरण, सेवा, स्वास्थ्य परीक्षण, परीक्षण अबधि पूरा नहुञ्जेल खानपान, सुरक्षित बास र सुबिधा पनि सरकारकै दायित्व हो । तर सरकारले न देशभित्र रहेका निम्नवर्गीय जनताको ख्याल गर्न सक्यो न त हातमुख जोर्नकै लागि बिदेशिएका र विपत्मा परेर फर्किएकाहरूको मन जित्न सक्यो । हुँदा-हुँदा कैलालीको लम्कहीस्थित क्वारेन्टीनमा बसेकी एक महिलामाथि सुरक्षा गर्न बसेकाहरूले नै सामुहिक बलात्कार गरे । यद्यपि आरोपित सुरक्षाकर्मी होइनन् तर स्थानीय सरकारद्वारा खटाइएका हुनाले ब्यवस्थापन गर्ने वडा र पालिका विवादमा परेका छन् ।**

**देश यतिबेला संकटबाट गुज्रदैंछ । कोरोना एउटा प्राकृतिक संकट हो भने भारतद्वारा भएको अतिक्रमणले सृजना गरेको अहंकारले जन्माएको अर्को संकट । त्यसैगरी कोरोनाको नाममा भएको भनिएको अनियमितता र त्यसलाई ढाकछोप गर्न गरिएका प्रयत्नहरूले पनि संकटलाई गहिऱ्याएको छ । यस्तो बिषम् परिस्थितिमा सरकार प्रमुखले सबै विवादको उचित समाधान खोज्नु पर्छ । संकटमा जनताको जीवन जोगाउँदै राष्ट्रको अस्मितामाथिको अतिक्रमण हटाउन र सम्प्रभुता रक्षा गर्न वाद अनि स्वार्थबाट माथि उठ्नु पर्छ । समयले उनलाई अवसर दिएको छ जसलाई सदुपयोग गर्न सके जीवन्त बन्न सक्नेछन् । त्यसो हुन आलोचना र आलोचकबाट तर्सिनु हुँदैन र राष्ट्रिय अस्मिता र अखण्डतालाई शिरमा राख्नु पर्नेछ ।**

# संघीय निजामति ऐन र कर्मचारीतन्त्रः तादाम्यता र विकल्प



उदय मैनाली

सरकार सफल हुने, जनताले सरकार भएको अनुभूति गर्ने वातावरणको निर्माण गर्न त्यहाँ कस्ता कर्मचारी कार्यरत छन् भन्ने कुराले निर्देशित गर्दछ । कर्मचारीको मनोबल कमजोर पारेर सरकारले आफ्नो लक्ष्य प्राप्त गर्न सक्दैन । तसर्थ यस विषयमा सरकार अलि बढी संवेदनशिल हुने, नागरिक समाज, बुद्धिजीवी वर्ग, पूर्व कर्मचारी र सेवाग्राही सचेत भएर बेलैमा खबरदारी गर्नुपर्छ ।

संघीयताको कार्यान्वयनदेखि चर्चामा रहेको संघीय निजामति ऐन पुनः एकपटक चर्चाको शिखरमा रहेको छ । सालौ साल लगाएर किनारामा पुग्न लागेको ऐनका कतिपय विषयहरु मन्त्री र सचिव फेरिने बित्तिकै नयाँ सिराबाट शुरुवात गर्न खोजिनाले आकाश थाप्ने हुँदा पोल्टाको पनि पोखिने अवस्था आएको छ । प्रशासन हाँक्ने स्थायी सरकारको भूमिकामा रहेको निजामति सेवा ऐनलाई संसदीय समितिमा लामो समयदेखि विचाराधीन राख्दा देशको दैनिक प्रशासनिक, शान्ति सुव्यवस्था, अमनचयन, विकास, नीति तथा कार्यक्रमको कार्यान्वयन प्रभावकारी हुन सकिरहेको छैन । लामो समयदेखि



कर्मचारीहरु नयाँ ऐन कस्तो होला ? यसका प्रावधानहरु कस्ता बन्लान् ? भन्ने उत्सुकता र अन्यौलतामा रहेका छन् । साथै बन्दै गरेको संघीय निजामति ऐनका कतिपय प्रावधानहरुका बारेमा शंका, उपशंका, हल्ला र वादविवाद समेत हुन थालेका छन् ।

संघीयताको सफलतामा महत्वपूर्ण आधार स्तम्भ मानिएको कर्मचारीतन्त्र लामो समयदेखि ऐन नियमावलीका अभावमा बन्धक जस्तै भएको छ । यस्तो अवस्थामा आउन लागेको संघीय निजामति ऐनले शिक्षा सेवालाई प्रशासनमा गाभ्ने र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र प्रदेश सचिव संघबाट पठाउने व्यवस्थामा फेरबदल गर्न लागेको प्रावधानले सिङ्गो कर्मचारीतन्त्र नै तातेको छ । अझ शिक्षा सेवालाई प्रशासन सेवा समाहित गराउने प्रस्तावमा खुला रुपमा पक्ष र विपक्षको स्थिति निम्त्याएको छ । प्रशासन सेवाका कर्मचारीहरु विपक्षमा छन् भने शिक्षा सेवाका कर्मचारीहरु जसरी पनि प्रशासन सेवामा जाने तयारीमा छन् । यसरी दुई सेवाका बीचमा निकै ठूलो संघर्ष चलिरहेको छ । प्रशासन सेवामा अन्य सेवा गाभिनु हुँदैन भन्ने पक्षका विद्धानहरुका अनुसार :

१) प्रत्येका सेवामा तत् तत् सेवाका विषय विज्ञहरु हुन्छन् र तिनीहरु त्यो सेवा प्रवाह र कार्यसम्पादनमा उत्कृष्टता प्रदर्शन गर्न सक्छन् । त्यसैले आ-आफ्नो सेवा समुहसँग चिरपरिचित, अनुभवी र क्षमतावान जनशक्तिले मात्र सो सेवा प्रवाहमा विशिष्टिकरण ल्याउन सक्छन् ।

२) आम सेवाग्रहीले प्रक्रियामुखी भन्दा परिणाममुखी सेवा प्रवाहको अपेक्षा राखेका हुन्छन् । ठोस र नतिजामुखी सेवा दिन ज्ञान तथा सिप भएका जनशक्तिको आवश्यकता पर्दछ । त्यसैले हरेक सेवाको अस्तित्व र गरिमा जोगाइराख्न ती सेवाहरुको चुस्तता, समयसापेक्षता कायम राख्नको लागि सोही सेवा समूहलाई अझ बढी व्यवस्थित बनाउन जरुरी हुन्छ ।

३) अधिकांश राष्ट्रसेवकहरु पहिले नै आ-आफ्नो रुचीको सेवा समूह छनौट गरी सेवा प्रवेश गरेका हुन्छन् र त्यही काममा सन्तुष्ट रहेका हुन्छन् तसर्थ केही अमुक स्वार्थलोलुप कर्मचारीको लहलहमा लागेर आम कर्मचारीमा अन्याय गर्न हुँदैन ।

४) स्वच्छ प्रतिस्पर्धाको वातावरण, उच्च मनोबल र कर्मचारीको सेवाप्रतिको सम्मान भावनालाई जोगाइराख्न पनि सेवाको विशिष्टिकरण आवश्यक हुन्छ भने कार्य सम्पादन मूल्यांकन र पृष्ठपोषण प्रणालीलाई वस्तुपरक र नतिजामुखी बनाउन पनि सेवाहरुको मिसावट गर्नु हुँदैन ।

जसरी मानव शरीरमा रहेका अलग-अलग अङ्गहरुको काम फरक-फरक हुन्छ त्यस्तै हरेक सेवाका आ-आफ्नै विशेषता, विशिष्टता र महत्व छन् । कानको काम नाकले गर्न मिल्दैन भने जिब्रोको काम आँखाले गर्न मिल्दैन र यदी कथम्कदाचित त्यस्तो गरियो भने कागको बथानमा बकुल्लो भने झैँ हुन्छ । बरु शिक्षा लगायतका अन्य सेवाहरुलाई आन्तरिक रुपमा सबल, आकर्षित र सम्मानजनक सेवा समूह बनाउनतर्फ ध्यान जानु अहिलेको आवश्यकता हो ।

अर्को विषय प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत संघबाट पठाउने कि स्थानीय तहमा कार्यरत स्थानीय निजामति सेवाका कर्मचारीहरुमध्येबाट नियुक्त गर्ने भन्ने सम्बन्धी व्यवस्थामा पनि प्रशासनविद् र कर्मचारीतन्त्रमा तात्तातो बहस र छलफल व्यापक बनेको छ । यी दुवै प्रावाधानहरुमध्ये संघका कर्मचारी पठाउने विषय यथास्थितिमा सान्दर्भिक पनि छ किनकि तीन तहको सरकारबीच समन्वयकारी भूमिका निर्वाह गर्ने, स्थानीय तहलाई सिँधै केन्द्रसँग जोडिन पुलको रुपमा कार्य गर्न सक्ने वातावरणको निर्माण हुन्छ । साथै कलिलो अवस्थामा रहेको संघीयताको अभ्यासलाई हुर्काउन बढाउन अझ बढी मद्दत पुग्छ । तथापि यही प्रावधानलाई बर्षौबर्षसम्म अंगालेर हिँड्ने स्थिति पनि छैन । किनकि स्थानीय तहमा जति पनि कर्मचारीहरु नियुक्त भएका छन् उनीहरुको वृत्ति विकासको सवाल गौण हुन सक्छ । एउटा स्थानीय तहको कर्मचारी प्रमुख हुन पाउने कि नपाउने ? अन्तरप्रदेश सरुवा वा बढुवा हुन पाउने कि नपाउने ? जस्ता गम्भीर प्रश्नहरुका बारेमा पनि सोचिनु उत्तिकै आवश्यकीय हुन जान्छ ।

उसै त कर्मचारीतन्त्र आमूल सुधार गरेर आम जनतासामु बिग्रिएको छवि सफा गर्नुपर्ने अवस्थामा भइरहेको सेवाहरु एकापसमा गाभ्ने, कर्मचारीहरुबीच समान व्यवहारको अनुभव दिलाउन नसक्ने कार्य भएमा निशङ्कोच निजामती सेवा भद्रगोल हुनेछ ।

अझ जनताको समिपमा रहेर प्रत्यक्ष सेवा प्रवाह गर्ने स्थानीय तहका कर्मचारीहरुलाई नयाँ बन्ने ऐनले बात्सल्यको प्रेम दिन सक्नुपर्छ । सरकार सफल हुने, जनताले सरकार भएको अनुभूति गर्ने वातावरणको निर्माण गर्न त्यहाँ कस्ता कर्मचारी कार्यरत छन् भन्ने कुराले निर्देशित गर्दछ । कर्मचारीको मनोबल कमजोर पारेर सरकारले आफ्नो लक्ष्य प्राप्त गर्न सक्दैन । तसर्थ यस विषयमा सरकार अलि बढी संवेदनशिल हुने, नागरिक समाज, बुद्धिजीवी वर्ग, पूर्व कर्मचारी र सेवाग्राही सचेत भएर बेलैमा खबरदारी गर्नुपर्छ ।

# के हो कोरोना भगाउने मन्त्र ?



रत्नबहादुर बस्नेत

नेपालमा लकडाउन खुकुलो बनाएसँगै जनजीवन सहज बने पनि यतिबेला देशमा कोरोना भाइरस संक्रमणको जोखिम अझ बढेर गएको छ । संक्रमितको संख्या उच्च दरमा वृद्धि भएसँगै यो समुदायस्तरमा फैलन सक्ने उच्च जोखिम रहेकोप्रति विज्ञहरुले सचेत गराउँदै आएका छन् । स्वास्थ्य रक्षासँगै आर्थिक सुरक्षामा ध्यान दिएकाले सुरक्षाको मापदण्ड पूरा गरेर अत्यावश्यकीय कार्य गर्नु हाम्रो आजको मुख्य कर्तव्य भएको छ ।

आर्थिक पक्षसँगै स्वास्थ्य रक्षाको उपायमा विशेष ध्यान पुऱ्याउन जरुरी भएको छ । कसरी यस विश्वव्यापी महामारीको रुप लिइरहेको कोरोना भाइरस (कोभिड-१९) बाट सुरक्षित रहन सकिन्छ भन्नेतर्फ हाम्रो सम्पूर्ण ध्यान शक्ति केन्द्रित हुन जरुरी छ । आखिर के हो त कोराना भगाउने मूल मन्त्र ? कोराना भाइरस (कोभिड-१९) को संक्रमणबाट बच्ने मुख्य तीन मन्त्र निम्न अनुसार छ ।

**शारीरिक दुरी कायम बढाउनुस्**

नयाँ प्रजातिको भाइरस कोरानाबाट सुरक्षित रहने सबैभन्दा ठूलो र पहिलो मन्त्र हो- सामाजिक दुरी कायम गर्नु । सामाजिक दुरी भनिए पनि वास्तवमा शारीरिक दुरी हो । एक व्यक्तिबाट अर्को व्यक्तिको दुरी सकेसम्म टाढा र कम्तीमा एक मिटर कायम गर्नु हो । व्यक्तिगत सन्सर्गबाट सर्ने रोग भएकै कारण रोगीको सम्पर्कबाट टाढा हुनु एक मात्र अचुक औषधि मानिन्छ । यसलाई यसरी एक मिटर भन्दा टाढा भएमा भाइरस एक व्यक्तिबाट अर्को व्यक्तिसम्म पुग्न नसक्ने भएका कारण संक्रमणको जोखिमबाट बच्न सकिने जनस्वास्थ्य विज्ञहरुले बारम्बार औल्याएका हुन् । कुनै विषयका विशेष जानकार वा विशेषज्ञले सत्यतथ्य भन्ने वा सही मार्ग औल्याइदिने मात्र हुन त्यसलाई मान्ने-नमान्ने वा कार्यान्वयन गर्ने-नगर्ने हाम्रै हातमा छ । सुरक्षित बन्ने या ज्यानै जोखिममा पार्ने निर्णय लिने आफू स्वयम् हो ।

सचेतनाका लागि सदा तत्पर तथा सक्रिय सञ्चार माध्यमलगायत सबैले यसमा त्यसै जोड दिएका होइनन् । यति हुँदाहुँदै पनि यसबारे गम्भीर नबन्नु र के हुन्छ र, भन्दै नियम उल्लंघन गर्नु वा वेवास्ता गर्नु कोरानालाई निम्ता दिनु शिवाय केही होइन भन्ने बोध गर्न कसैले पनि ढिला गर्नुहुँदैन । नपरी नचेत्ने प्रवृति नछोड्ने हो भने त यसले चेत्ने मौका देला नदेला भन्न सकिँदैन । यसमा आजै सोचौं र कोरोना भगाउने हो या मगाउने हो एउटा बाटो रोजौं ।

नीति अनुसार विचार गर्दा पनि कुनै पनि दुष्ट वा शत्रुबाट बच्ने एउटै उपाय वा औषधि छ त्यो हो- त्यसलाई जरैसमेत उखेलेर फ्याक्नु (निर्मूल पार्नु) कि त्यसबाट टाढा रहनु । मानव मात्रको महाशत्रुको रुपमा रहेको यसलाई निर्मुल पार्ने वा मार्ने अस्त्ररुपी औषधि नभएपछि यसबाट टाढा हुनुको विकल्प छैन । निवारण क्षमता भएका सानातिना विपति, रोग, शत्रु आदिबाट टाढै रहनु बुद्धिमानी ठानिएको छ भने विना औषधिको यस महारोगमाथि लापर्वाही गर्नु कति मुर्खता होला विचार गरौं । यसबाट टाढा हुनु हार हैन बरु यसमाथिको कडा प्रहार हो । यहाँ के पनि स्मरणीय छ भने विपतिको समयमा धैर्यभन्दा ठूलो मित्र अर्को हुँदैन । धैर्य धारण गर्नु उत्तम धर्म पनि हो ।

**साबुन पानीले हात धुनुस्**

कोरोना भगाउने वा छेक्ने अर्को अस्त्र हो- साबुन पानीले हात धुनु । हात धुनु कुनै पनि सरुवा रोगबाट बच्ने सामान्य नियम भए पनि यहाँ यसलाई कोरोना भगाउने असाधरण मन्त्र वा महौषधिको रुपमा लिइएको छ । सामान्य अवस्थामा हामीकहाँ खाना खानु अघिपछि, दिसा धोएपछि र कुनै कारण हात फोहोर भएमा हात धुने परम्परागत प्रचलन छ । तर अहिले महामारीको असाधरण परिस्थितिमा सामान्य सरसफाइको नियम पालना नै प्रयाप्त नहुने भएकोले विशेषरुपमा हात धुनु पर्छ भनिएको हो । पटक-पटक साबुन पानीले मिचिमिचि हात धुन सबैलाई बारम्बार सम्झाइएको हो । यदि कारणवश आँखाले देख्न नसकिने कोरोना भाइरस हाम्रो हातसम्म आइपुगेमा हाम्रो हातबाट शरीरभित्र प्रवेश गर्न नदिने सर्वोत्तम र सुरक्षित उपाय हो- २० सेकेण्ड जति मिचिमिचि साबुनपानीले हात धुनु ।

सनातन नीतिमा हातलाई रोग निवारणको कारण मानेर पहिलेदेखि नै हाम्रा पूर्वजहरुले बाहिरबाट आउँदा हात धुनुपर्ने परम्परा बसालेको पाइन्छ । हाल महामारीको प्रकोपमा त्यासमा ध्यान गएको छ । नीतिमा भनिएको छ- हाम्रो हात भगवत स्वरुप हो । हाम्रो हातबाट राम्रोभन्दा राम्रो काम सम्पादन हुनुपर्छ । हात भगवानभन्दा पनि श्रेष्ठ छ, यो हातले कर्म गरेपछि भगवानलाई पनि फल दिन बाध्य हुनुपर्छ । यो हात विश्वको सम्पूर्ण रोगको औषधि हो र सबै समस्याको समाधान पनि हो । त्यसैले हातलाई हाम्रो कल्याण र निरोगिताको लागि हातको उपयोग गरौं र कोरोना रोगको भयबाट बचौं ।

यस्तै गंगाजल अर्थात् शुद्ध पानीलाई औषधि मानिएको छ । पानी स्नानदि सरसफाई गर्न, भोजन पाच्य गराउन, प्यास मेटाउन मात्र नभई रोगव्याधि नाशका लागि पनि पानी उपयोग हुन्छ । उमालेर तातो पानी सेवन गर्नाले महामारी निवारणमा सहयोग पुग्ने बताइएको छ । उमालेको पानीमा कुनै पनि रोगको किटाणुको क्षमता रहँदैन ।

**मुखमा मास्क लगाउनुस्**

कुनै विद्वानले भनेका छन्- धिरहरुले जे सुन्छन् याद गरिरहन्छन्, भुल्दैनन् । त्यस्तै हामीले धेरै पटक सुन्दै पढ्दै आएको अनुरोध वा आव्हान हो- 'कोरोना भाइरसबाट बच्न मुखमा मास्क लगाऔं ।' तर हामीले कयौ पटक सुने- पढे पनि व्यवहारमा भने कमैले कार्यान्वयन गरेको देखिन्छ । (व्यवहारतः कमैले लागू गरेको पाइन्छ ।) कोरोनालाई मास्कले छेक्दैन भनेर हो वा अटेर गरेर वेवास्ता गरिएको हो भन्न सकिँदैन । तर जुनसुकै कारणले भए पनि यदि हामी विश्व स्वास्थ्य संगठन, स्वास्थ्य मन्त्रालय वा स्वास्थ्यविज्ञहरुको आग्रह वेवास्था गर्नु भनेको ठूलो जोखिम निम्त्याउनु बाहेक केही होइन । कोरोनाबाट बच्ने मापदण्ड र महत्व नभए यश वाक्यलाई प्रचारप्रसारमा पुनरावृति किन गरिरहनु पर्थ्यो र ! यसले अवश्य नै आफूबाट अरुलाई र अरुबाट आफूलाई कोरोना संक्रमणबाट बचाउन मद्दत पुऱ्याउँछ ।

भनिन्छ- हाम्रो शरीरमा नौ वटा द्वार हुन्छन् । मौका पाउनसाथ ती नौ वटा द्वार अर्थात् छिद्रबाट व्याधि छिरेर शरीरको नाश गर्ने वा दुःख दिइ हानी नोक्सानी पुऱ्याउने गर्छन् । प्रदुषण तथा रोगव्याधिबाट शरीरको रक्षा गर्न सुरक्षा कवचको आवश्यकता पर्दछ । त्यसैले खुल्ला एवम् सहज प्रवेशद्वारको रुपमा रहेको मुखबाट रोगव्याधिको प्रवेश रोक्न मास्कको प्रयोग अनिवार्य भएको हो ।

रोगीको संख्या वृद्धि हुँदै गएपछि कोरोना भाइरस संक्रमणको उच्च जोखिम बढेकाले यसरी अनिवार्य मास्क लगाउन आव्हान गरिएको हो । घरबाट बाहिर निस्कदा अनिवार्य मास्क लगाउँदा रोगको विस्तार हुन नदिन सहयोग पुऱ्याउँछ । सामान्य मास्कले प्रदुषण रोके पनि कोरोनालाई पूर्णरुपले रोक्न नसक्ने(कम गर्न मात सकिने) भएकाले सकेसम्म सबैले र उच्च जोखिम भएका व्यक्तिले अनिवार्य सर्जिकल मास्क लगाउनुपर्छ भन्ने निर्देशन सरुवा रोग विशेषज्ञहरुको छ ।

प्रारम्भिक चरणमा यसको संक्रमण भए नभएको विना परीक्षण बाहिरबाट हेरेर थाहा हँदैन । त्यसैले हरेकले सबैलाई पोजेटिभ छ भन्ने ठानेर अनिवार्य मास्क लगाउनु पर्ने मत उनीहरुको छ । यसका लागि मास्क लगाउने विधि र नियमको पालना गर्न जरुरी छ । स्मरणीय छ, संयम् नै मानिसको सबैभन्दा श्रेष्ठ चिकित्सक हो जसले रोग लाग्न दिँदैन ।

त्यस्तै अन्य सुरक्षाका उपायमा घर बस्नु, अत्यावश्यक काम नपरी घरबाहिर ननिस्कनु, स्यानिटाइजर लगाउनु, हातले बाहिरी सतह नछुनु वा छोएर हात नाक, मुख नछुनु, कोरोना भाइरस संक्रमणको शंका लागेमा स्वास्थ्य जाँच गराउनु, रोग प्रतिरोधात्मक क्षमता बढाउन स्वधर्म तथा स्वास्थ्यको नियम पालनामा ध्यान दिनु , इश्वरीय शक्तिमा श्रद्धा विश्वास बढाउनुआदिमा विचार पुऱ्याउनु जरुरी छ ।

ratnabasnet6@gmail.com



**भारतबाट आएको १६औं दिनमा घरजाने तयारीः** झापाको मेचीनगर नगरपालिका-३, धिमाल बस्तीमा रहेको क्वारेन्टाइनबाट बिदा हुनलाग्दै मेचीनगरका नागरिकहरु। भारतका विभिन्न शहरबाट आएका दशजनालाई यस स्थानमा राखिएको थियो, जसमध्ये एक जनामा कोरोरा पोजेटिभ देखिएको थियो, उनलाई हाल बिराटनगरमा उपचारका लागि लगिएको छ। बाँकी नौ जनामा पिसिआर नेगेटिभ देखिएकोले १६ औं दिनको दिनमा बिदा गरिएको वडाअध्यक्ष हर्कबहादर बस्नेतले जानकारी दिए। **तस्वीरः बिनोद पाण्डे/पूर्वाञ्चल**

# क्वारेन्टिनमै बिवाह गरेपछि...

**झापा, असार २।** एक जोडीले वडाध्यक्षको उपस्थितिमा क्वरेन्टीनमै अन्तरजातीय विवाह गरेका छन्।

दाङको घोराही उपमहानगरपालिका-१८मा रहेको बेलघारी क्वारेन्टिनमा बसेका घोराही उपमहानगरपालिका-१८का २३ वर्षीय समीर वली र तुलसीपुर उपमहानगरपालिका-५की २१ वर्षीया सीता चौधरीबीच वडाध्यक्ष भरत अर्यालको उपस्थितिमा विवाह सम्पन्न भएको थियो।

भारतको दिल्लीबाट घर फर्केर क्वारेन्टिनमा बसेका उनीहरु मायाप्रेममा रहेकाले उनीहरुकै आग्रहमा विवाह गरिदिएको वडाध्यक्ष अर्यालले बताए। 'उनीहरु माया प्रेममा रहेको र घर सल्लाहमै बरपिपल साक्षी राखेर मैले सामान्य मन्त्रोच्चारण गरेर विवाह गराइदिएको हुँ'- वडाध्यक्ष अर्यालले भने।

आफूले पीसीआर रिपोर्ट आएपछि विवाह गर्न सुझाए पनि केटा केटी दुवैले आफ्नो संस्कार अनुसार ९ महिनामा विवाह गर्न नमिल्ने बताएपछि जेठ ३२ गते सामान्य ढंगले विवाह गराइदिएको उनले जानकारी दिए।

उनीहरु जेठको पहिलो सातामात्रै घर फर्केर क्वारेन्टिनमा बस्दै आएका थिए। झण्डै २४ दिन क्वारेन्टिनमा अलग्गै बसेका उनीहरुको रिपोर्ट विवाह गरेको एक दिनपछि असार १ गते सोमबार आएको छ। त्यसै क्वारेन्टिनमा उनीहरुसँगै बसेका अन्य ४ जनाको रिपोर्ट पोजिटिभ आए पनि नवविवाहित जोडीको रिपोर्ट भने नेगेटिभ आएको छ। रिपोर्ट नेगटिभ आएकाले उनीहरुलाई घरमा एक हप्तासम्म सेल्फ क्वारेन्टिनमा बस्ने गरी डिस्चार्ज गरिएको पनि वडाध्यक्ष अर्यालले बताए।

# 'डेथबडी' व्यवस्थापन गर्न स्थानीय तहलाई आग्रह

**खोटाङ, असार २।** कोभिड-१९ रोकथाम तथा नियन्त्रण जिल्ला समन्वय समिति खोटाङले 'डेथबडी' व्यवस्थापन गर्न तयारी अवस्थामा रहन स्थानीय तहलाई आग्रह गरेको छ।

विश्वभर फैलिएको कोरोना भाइरसको सङ्क्रमणका कारण हुने डेथबडी व्यवस्थापन गर्नुपर्ने अवस्था आउनसक्ने भन्दै समन्वय समितिले जिल्लाका १० वटै स्थानीय तहलाई तयारी अवस्थामा रहन आग्रह गरेको हो। समितिको १५औं बैठकले डेथबडी व्यवस्थापन गर्नुपर्ने अवस्था आए सम्बन्धित स्थानमा घाट तोक्ने र त्यसका लागि सम्बन्धित स्थानीय तहले नै आवश्यक सामग्रीको व्यवस्था गर्ने वातावरण मिलाउन आग्रह गरिएको समितिका संयोजक एवं जिल्ला समन्वय समिति खोटाङका प्रमुख बबि चाम्लिङले बताए। विश्वभर महामारीका रूपमा फैलिएको कोरोना भाइरसको असर जिल्लामा पनि नपर्ला भन्न सकिन्न- उनले भने- यदि त्यस्तो भएको खण्डमा डेथबडी व्यवस्थापन गर्न जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय र नेपाली सेनासँग आवश्यक समन्वय गर्न भनिएको छ।

यसैबीच समितिको उक्त बैठकले सरकारले लागू गरेको बन्दाबन्दीको समयमा हुनसक्ने कालोबजारी नियन्त्रण गर्न संयुक्तरूपमा बजार अनुगमन गर्ने निर्णय गरेको छ। बन्दाबन्दीको अवधिमा कतिपय व्यवसायीले धेरै मूल्य लिने गरेको र मिति नाघेका सामान बिक्री गरिरहेको जनगुनासोका आधारमा बजार अनुगमन गर्ने निर्णय गरिएको हो।

केही दिनभित्रै उद्योग वाणिज्य सङ्घ, जिल्ला प्रशासन कार्यालय, प्रहरी, नगरपालिका, घरेलु तथा साना उद्योगको कार्यालयमार्फत बजार अनुगमन गर्ने निर्णय गरिएको समितिका संयोजक चाम्लिङले बताए। बन्दाबन्दीको अवधिमा पनि जिल्लामा आवश्यक दैनिक उपभोग्यवस्तु पर्याप्त रहेको पाइएको छ- उनले भने- पर्याप्त मात्रामा दैनिक उपभोग्यवस्तु हुँदाहुँदै पनि विभिन्न बहाना देखाएर हुनसक्ने कालोबजारी नियन्त्रण गर्न संयुक्तरूपमा अनुगमन गर्ने निर्णय गरिएको हो।

यस्तै सङ्क्रमितको संख्यालाई मध्यनजर गर्दै प्रत्येक गाउँपालिकामा १० श्यया, नगरपालिकामा २० श्यया तथा दिक्तेलमा प्रदेश सरकारको सहयोगमा ५० श्ययाको आइसोलेसन कक्ष निर्माण गर्ने निर्णय गरिएको छ। बैठकमा आर्थिक वर्षको अन्त्य हुन लागेको र लकडाउन पनि खुकुलो भएकाले जिल्ला बाहिर रहेका कर्मचारीलगायतलाई सकेसम्म रोक्ने र आउनैपर्ने भए अनिवार्य आरडीटी गराएर क्वारेन्टिनमा राख्ने व्यवस्था मिलाउने निर्णय गरिएको समितिले जनाएको छ।

दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा हालसम्म परीक्षण गर्दा चार जनामा कोरोना सङ्क्रमण देखिएको छ। हलेसी तुवाचुङ नगरपालिकाका चार सङ्क्रमितमध्ये एक उपचारपछि घर फर्किएका छन् भने तीन जना उपचाररत रहेको जिल्ला अस्पताल खोटाङका मेडिकल अधिकृत डा. शैलेश श्रेष्ठले बताए।

# रोगसँग यसरी लडौं

**झापा, असार २।** कोभिड-१९ महामारीले विश्वव्यापी रुप लिएसँगै गत चैत अन्तिम साता स्वास्थ्य तथा जनसंख्या मन्त्रलाय मातहतको आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागले जनहितमा एक सूचना जारी गर्दै रोग प्रतिरोधी क्षमता बढाउने जडीबुटीको नियमित सेवन गर्न आव्हान गऱ्यो।

कोरोनाको विश्वसनीय खोप तथा औषधि पत्ता नलागेको अवस्थामा विभागले शरीरको प्रतिरक्षा प्रणालीलाई मजबुद बनाउन 'एन्टिव्याक्टेरियल' तथा 'एन्टिभाइरल' गुण भएका जडीबुटीको सूचीसहित नियमित सेवन गर्ने बानी बसाल्न अनुरोध गऱ्यो। ती जडीबुटीमा गुर्जो, बेसार, सुठो, मरिच, दालचिनी तथा पिपला, असुरो, तुलसी र तेजपात थिए।

स्वास्थ्य मन्त्रालयले पनि आयुर्वेद तथा वैकल्पिक चिकित्साका क्षेत्रमा लामो अनुभव भएका चिकित्सक तथा विज्ञसँगको परामर्शका आधारमा कोरोनाविरुद्ध लड्ने तथा रोग प्रतिरोधी क्षमता कसरी विकास गर्न सकिन्छ भनेर 'प्रोटोकल' निर्माण गऱ्यो। उक्त प्रोटोकल गत जेठ १५ गते स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भानुभक्त ढकालले स्वीकृत गरेसँगै कार्यान्वयनमा आएको छ।

विभागले सातै प्रदेशका सामाजिक विकास मन्त्रालय, आयुर्वेद अस्पताल, आयुर्वेद स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय र सबै स्वास्थ्य सेवा कार्यालयलाई परिपत्र गर्दै उक्त प्रोटोकल कार्यान्वयनमा जोड दिएको छ। बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले पनि दुई अञ्चल आयुर्वेद औषधालय र ११ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रलाई उक्त प्रोटोकल कार्यावयन गर्न निर्देशन दिएको छ।

प्रोटोकलमा आयुर्वेद औषधि, खानपान, योग, ध्यान तथा शारीरिक व्यायामको माध्यमबाट शरीरको प्रतिरोधी क्षमता बढाउन सकिने उल्लेख छ। साथै भान्छामा दैनिक प्रयोग गरिने मरमसलालगायत परम्परागत जडीबुटीबाट पनि प्रतिरोधी क्षमता बढाउन सकिने चिकित्सकहरु बताउँछन्। नेपालमा पनि कोभिड सङ्क्रमण भएका व्यक्तिलाई प्रतिरोधी क्षमता अभिवृद्धि गर्ने विभिन्न प्रकारका आयुर्वेदिक औषधि खुवाइएको उदाहरण छन्।



त्रिभुवन विश्वविद्यालय, आयुर्वेद शिक्षण अस्पताल कीर्तिपूरका निवर्तमान कार्यकारी निर्देशक प्रा.डा. डीबी रोका कोरोना रोकथामका लागि मुख्य औषधि पत्ता नलागेपनि आयुर्वेद एवम् वैकल्पिक चिकित्साका उपचार विधि र औषधि प्रयोग गरी सङ्क्रमणलाई केही हदसम्म कम गर्न सकिने बताउँछन्। त्यसोतः आयुर्वेदमा महामारी नियन्त्रणमा सघाउ पुग्ने थुप्रै औषधि प्रयोगमा रहेको उनको भनाइ छ।

महामारीको समयमा सङ्क्रमित मात्र नभई स्वस्थ्य व्यक्तिले पनि शारीरिक तथा मानसिक रुपमा आफूलाई बलियो राख्नु अत्यावश्यक छ। शारीरिक रुपमा स्वस्थ राख्न दैनिक व्यायाम, पोषिलो खानेकुरा, प्रतिरोधी क्षमता बढाउने जडिबुटीयुक्त आहार सेवन गर्न सुझाव दिँदै उहाँले योगाभ्यास तथा ध्यानका माध्यमबाट मानसिक स्वास्थ्य हासिल गर्न सकिने बताए।

सरकारले समुदायस्तरमा कोरोना सङ्क्रमण फैलन नपाओस् भनेर अन्यन्त्रबाट आएका नेपाली तथा विदेशी नागरिकलाई क्वारेन्टिनमा राख्दै आएको छ। अन्य व्यक्तिमा सङ्क्रमण नफैलियोस् भनेर सङ्क्रमितलाई 'आइसोलेसन'मा राख्ने पनि गरिएको छ। सामान्यतयाः १४ दिन आइसोलेसनमा राखिने विश्वव्यापी प्रचलन भए पनि कतिपय अवस्थामा सङ्क्रमितलाई दुई साताभन्दा बढी आइसोलेसनमा राख्नुपर्ने पनि देखिएको छ।

क्वारेन्टिन तथा आइसोलेनमा रहँदा मानिसहरु मानसिक तनावले गर्दा रोगसँग लड्ने शक्ति ( इम्युनिटी पावर) झनै घट्दै जान्छ- प्रा.डा. रोकाले भने- त्यसका लागि आयुर्वेद एवम् वैकल्पिक चिकित्सामा वर्णन गरिएका योग अभ्यास एवं सत्तवाजय चिकित्साबाट उपचार गर्दा मानसिक तनावलाई कम गर्न सकिन्छ, साथमा वेद एवं आयुर्वेदको चरकसंहितामा वर्णन गरिएका तनाव कम गर्ने खालका औषधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ। उहाँले मन्डुकपणि, ब्राम्मी, शङ्खपुष्पी, जोतिषमति, बोझो, जटामासी, अश्वगन्धा आदि औषधि प्रयोग गर्दा मानसिक स्वास्थ्य बलियो राख्न सकिने बताए। भाइरससँगै पूरै लड्न सक्ने शारीरिक रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न चरकसंहिताअन्तर्गत रसायन चिकित्साका लागि प्रयोग हुने औषधि जस्तो तुलसी, हरिद्रा, जेठीमधु, द्राक्ष्य, सतावरी, अमला, पाँचऔंले, चिराइतो, गुर्जो (गिलोइ), कपिकक्षु, भुइँअमला, बासा, हरितकी, पदमचाल, यार्सागुम्बा, मुसली, शिलाजित, निरमसीलगायत औषधिको साथमा प्राङ्गारिक र सुपाक्ष्य पौष्टिक खाना खानुपर्छ- उनले भने।

जङ्कफुड भन्दा प्राकृतिकरुपमा पाइने गेडागुडी, दाल, हरियो, सागसब्जी, दूध र प्राकृतिक भिटामिन च्यावनप्राश खान उनले सुझाव दिए। प्रोटोकल बनाउने विज्ञ टोलीका सदस्यसमेत रहनुभएका प्रा.डा. रोकाले भने- वेदमा लेखिएका कतिपय कुरा व्यवहारमा वैज्ञानिक र व्यवहारिक देखिएका छन्। त्यही अनुसार आयुर्वेद ग्रन्थमा लेखिएको औषधि एवं चिकित्साका विधि किन प्रयोग नगर्ने ? भान्छामा दैनिक प्रयोग हुने टिमुर, खुर्सानी, लसुन, प्याज, बेसार, दालचिनी, ज्वानो, जिम्मु, धनियाँ, जिरालगायत मसलाबाट केही हदसम्म रोगको रोकथाम हुने सम्भावना बढ्ने आयुर्वेदज्ञाताले बताउँदै आएका छन्। बेसारले 'एन्टिसेप्टिक', 'एन्टिटक्सिन' औषधिका रुपमा काम गर्दछ। यसका बारेमा अथर्वेद र आयुर्वेदमा पनि व्याख्या गरिएको छ।

क्वारेन्टिन तथा आइसोलेनसमा बसेका मात्र होइन आम नागरिकले पनि आफूलाई शारीरिक र मानसिकरुपमा स्वस्थ राख्न प्राकृतिक आहार र दैनिक ध्यान तथा योगाभ्यास गर्न उहाँले सुझाव दिए। प्रतिरोधी क्षमता विकास गर्न सूर्य नमस्कार, गरुडाशन, भुजाङ्शन, तडाशन, चतुराङ दण्डाशन, आधोमुख श्वानाशनलगायत योगासन गर्न उनले सुझाव दिए। त्यस्तै भस्त्रिका, अनुलोमविलोम, भ्रामरी र कपालभाती प्राणायम गरेर पनि प्रतिरोधी क्षमता बढाउन सकिने उनको भनाइ छ।

# अलपत्र श्रमिकको तत्काल उद्धार गर्न माग

**झापा, असार २।** गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) ले सरकारलाई १३ बुँदे ध्यानाकर्षणपत्र बुझाएको छ।

गैरआवासीय नेपाली संघका तर्फबाट अध्यक्ष कुमार पन्त र उपाध्यक्ष तथा वैदेशिक रोजगार तथा एनआरएनए कल्याणकारी विभागका प्रमुख डा. बद्री केसीले एक पत्रमार्फत सरकारलाई विदेशमा अलपत्र परेका श्रमिकको तत्काल उद्धारका लागि आग्रह गरे।

संघले उपप्रधानमन्त्री तथा अध्यक्ष कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिका संयोजक ईश्वर पोखरेल, श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर यादव र परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीलाई लेखेको पत्रमा विदेशमा अलपत्र परेका नेपालीको उद्धार प्रक्रियालाई थप तीव्रता दिन आग्रह गरिएको छ। संघले विदेशमा अलपत्र परेका व्यक्तिको उद्धारका लागि सरकारको तर्फबाट चाल्नुपर्ने कदमका बारेमा बुँदागतरूपमा सुझाव दिएको छ।

संघले चार्टर उडान गर्ने व्यावहारिक र सहज व्यवस्था मिलाउन, कामदारहरु पनि विदेश फर्कने बाटो खोल्न, खर्चविहीन भएका विद्यार्थीलाई सरकारी खर्चमा तुरुन्त उद्धार गर्न, देशमा होल्डिङ सेन्टरको प्रबन्ध मिलाउन, सेल्टरमा कुरिरहेका मजदुरलाई नेपाल फर्कने स्वीकृति प्रदान गर्न, सयौंको सङ्ख्यामा रहेका शव तुरुन्त नेपाल झिकाई सांस्कृतिक परम्परा अनुसार दाहसंस्कार गर्नका लागि परिवारलाई हस्तान्तरण गर्न, अलपत्र परेका कामदारलाई वैदेशिक रोजगार कल्याणकारी कोषमार्फत सहयोग गर्न ठोस कदम चाल्न आग्रह गरेको छ।


**पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर**

**गोरखा डिपार्टमेन्ट स्टोर**

**हाम्रा विशेषताहरु :**
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।



**उपचार हुने समस्याहरु :**
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**सुवर्ण अवसर**

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ। तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**आवश्यकता**

सेक्युरिटी गार्डः- ४० जना *(महिला/पुरुष)*
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।*

**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ

महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)

**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।**

दानावारी, महमाई, लारूम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३०, ८ :३०, ९ :१५, १० :१५, ११ :१५, १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई


**हिजोको सूनचाँदीको भाऊ**

| | |
|---|---|
| छापावाला सुन | ७७,०००।- |
| तेजावी सुन | ७६,७००।- |
| असल चाँदी | ७२५।- |



ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मिहिनेत गर्दा सिर्जनात्मक कामबाट ख्याती मिल्नेछ। अवसर प्राप्त हुँदा समयको महत्व नबुझनाले पछि परिनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अरूको मुख ताक्ने बानीले चिताएको काम अधुरो रहनेछ। कमजोरी माथि टिप्पणी हुने समय भएकाले गोपनीयतामा ध्यान दिनुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आलोचकहरू सक्रिय हुने समय छ, बोली-व्यवहारमा सजग रहनुपर्ला। मिहिनेतले फाइदा दिलाउनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** महत्वाकांक्षी कार्य प्रारम्भ हुनेछ। बिछोडिएका आफन्तसँग भेटघाट पनि हुनेछ। तर, खानपानको असावधानीले स्वास्थ्यमा समस्या आउन सक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** नजिकिएको विवादास्पद व्यक्तिले समस्या निम्त्याउन सक्छ। परिस्थितिवश विवादास्पद काममा अग्रसर हुनुपर्नेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** कुटनीतिक व्यक्तिको फन्दामा परिनाले फजुल खर्च हुनेछ। शुभचिन्तकहरूको राय लिएर अघि बढ्नुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अर्थ अभाव खट्किनाले चिताएको काम पूर्ण नहुन सक्छ। बनिसकेको काम दोहोऱ्याउनुपर्ला। समय दिन नसक्दा काम अधुरो रहनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ। आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन्।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** शुभचिन्तकहरू समेत टाढा हुनेछन्। धेरै लगानी गर्दा कममात्र फाइदा हुनेछ। साथीभाइको सहयोगले यात्रा हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** भौतिक साधन जुट्नाले प्रसन्नता मिल्नेछ। आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा पनि बढी नै फाइदा हुनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** गरिएका कामको राम्रै मूल्यांकन हुनेछ। साझेदारीमा पनि राम्रो फाइदा हुनेछ। आम्दानी बढ्नाले परिवारजनका आवश्यकता पूरा हुनेछन्।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ। चिताएको काम बन्नेछ भने अवसरले राम्रै लाभ दिलाउनेछ।